# सामाजिक एवम् आर्थिक रुपान्तरणको प्रक्रियामा रहेका देशमा बन्ने संविधानका मौलिकताहरु

*डा. यवराज संग्रौला* *

* प्राध्यापक, अन्तराष्ट्रिय कानुन तथा कानुन दर्शन, काठमाडौं स्कुल अफ ल

Email: yubaraj.sangroula@ksl.edu.np

विशेष लेख

# सामाजिक एवम् आर्थिक रूपान्तरणको प्रक्रियामा रहेका देशमा बन्ने संविधानका मौलिकताहरु



- डा. युवराज संग्रौला
निर्देशक, काठमाडौं स्कूल अफ ल

कतिपय मानिसहरू खासगरी राजनीतिक दलका नेताहरू भन्ने गर्छन- 'अब बन्ने नेपालको संविधान दीर्घकालीन हुनु पर्दछ ।' भन्नेलाई भन्ने क्रममा र सुन्नेलाई सुन्ने क्रममा मोहित पर्दछ यस भनाइले । तर, संविधान एउटा 'जीवन्त प्रक्रिया (Organism)' हो भनेर मान्ने मानिसलाई भन्ने यो भनाइ रुढीवादी (Conservatism) हो भन्ने लाग्नु स्वभाविकै हुन्छ ।

आधुनिक संविधानवादले प्रगतिशीलतालाई आत्मसात् गर्दछ । औपचारिकतावाद (Formalism) ले समसामयिकता (Contextualism) र सिर्जनात्मकता वा मौलिकता (Originalism) लाई बहिष्कृत गर्दछ । औपचारिकतावादले अन्धकानूनवाद (Legalist) प्रवृत्तिलाई प्रवर्द्धन गर्दछ । खासगरी निश्चयात्मक (Positionist) अन्धकानूनवादीहरू सामाजिक तथा आर्थिक रूपान्तरण र प्रगतिका कार्यक्रमहरूको वैधानिकता सामाजिक-आर्थिक न्यायको आवश्यकतामा होइन कानूनका अमूर्त सिद्धान्तहरूमा खोज्ने प्रयास गर्दछन् र परिवर्तनका आवश्यकतालाई कानूनी वैधानिकताका परम्परागत सिद्धान्तका आधारमा बेमनासिब ठहर गर्ने प्रयास गर्दछ । औपचारिकतावादीहरूका विचारमा 'कानूनको वैधानिकता यसले सम्बोधन गर्ने समस्या वा आवश्यकताबाट होइन, यसको निर्माणको प्रक्रियाबाट निसृत हुन्छ ।'[1]

*जे जति संविधान असफल भए अर्थात, संविधान निर्माण गर्दा र संविधान निर्माण गरिसकेपछि दुवै अवस्थामा राजनीतिक दल र अन्य राजनीतिक संस्थाहरूले संविधानलाई आफ्ना निहीत स्वार्थ, राजनीतिक विचारधारा र राजनीतिक चाहनालाई वैधानिकता प्रदान गर्ने साधन वा माध्यममात्र बनाउन खोजे । के नेपालको अवस्था अहिले त्यो भन्दा फरक छ ?*

औपचारिकतावादमा आधारित निश्चयात्मकवादी दर्शनको गहिरो प्रभाव विकासिल देशका कानूनविद्हरूमा परेको छ । शायद त्यसैको परिणामस्वरूप होला हाम्रा जस्ता आर्थिक विकासको दौडमा पछाडि परेका, सामाजिक विकासको अवधारणा अस्पष्ट रहेका, राजनीतिक भ्रष्टाचारले व्याप्त भएका देशका कानूनविद्हरू एवम् कानून व्यवसायीहरू 'संविधान निर्माणका क्रममा संविधानले सम्बोधन गर्नु पर्ने विषयवस्तुमा होइन संविधानको प्रक्रियामा' बढी विवाद गर्दछन्, वा औपचारिकताका पक्षमा वढी संवेदनशील रहेका छन् । 'दि ट्राभलर' मा गोल्डस्मिथ[2] ले लेखेको 'Law grinds the poor and rich men rule the law' भन्ने उक्तिलाई बिर्सन्छन् हाम्रा जस्ता देशका औपचारिकतावादीहरू । नेपाल अहिले नयाँ संविधान निर्माणको संघारमा आइपुगेको छ । तर, विगत तीन वर्षलाई सूक्ष्म रूपमा विश्लेषण गर्ने हो भने हाम्रो बाटो पूर्णरूपमा औपचारिकतावादबाट प्रभावित रहेको देखिन्छ । केही महत्त्वपूर्ण तथ्यहरूको संक्षेपमा विश्लेषण गरौं ।

(क) अन्तरिम संविधानले लामो समयदेखि वहिष्कृत जनतालाई नागरिक भएको महसूस गराउँदै, सामाजिक, आर्थिक न्यायको मौलिक अवधारणाको निर्माण गर्नु पर्ने आवश्यकता थियो । त्यसका लागि अर्थविद्, समाजशास्त्री, भूगोलविद्, योजनाविद् जस्ता विशेषज्ञहरूलाई संविधानका आधारभूत ढाँचा निर्माण गर्ने कार्यमा सरिक गराउनु पर्ने थियो र अन्तरिम संविधानले जनतामा परिवर्तनप्रतिको आशा र विश्वास वा विकासको सपना देखाउनु पर्ने थियो । तर, त्यसो भएन संविधान निर्माण गर्न कानून व्यवसायीको एउटा जमात खटाइयो । औपचारिकतावादको यो ज्वलन्त उदाहरण हो । उनीहरूले संविधान बनाउन सकेनन् । अर्थात, नेपाली जनताले चाहेको वा आशा गरेको परिवर्तनको चाहनामा तुषारापात भयो ।

(ख) औपचारिकतावादको अर्को उदाहरण सविधानसभाको निर्वाचनका सन्दर्भमा देख्न सकिन्छ । राजनीतिक दलहरूले निर्वाचनको प्रतिस्पर्धा संविधानको आधारभूत संरचनात्मक आधारहरूप्रति लक्षित र केन्द्रित रहनु पर्ने थियो । उनीहरूले अब संविधानले बोक्नु पर्ने आर्थिक, सामाजिक, राजनीतिक र मानवीय विकास र सुखका संरचनाहरू जनतासमक्ष राख्नु पर्ने थियो । तर, राजनीतिक दलहरूले निर्वाचन भावी सरकार निर्माण गर्नका लागि प्रतिस्पर्धा गरे । परिणामस्वरूप जनताले राजनीतिक दलको मूल्याङ्कन उसले बनाउने संविधानको विषयवस्तुका आधारमा होइन, उसले बोकेको राजनीतिक प्रचारबाजीका आधारमा गरे । अर्थात, परीक्षाका विशेषयवस्तु औचापरिकतावाद बन्यो ।

(ग) संविधान नेपालका आर्थिक-सामाजिक एवम् राजनीतिक समस्याहरूको रूपान्तरणका लागि आवश्यक भएको हो । तर, संविधानसभाका पछाडि राजनीतिक सहमति होइन राजनीतिक ध्रुवीकरणको खेलले प्राथमिकता पायो । अर्थात 'संविधानको परिकल्पना' राजनीतिलाई वैधानिकता प्रदान गर्ने प्रयोजनमा सीमित बनाइयो । मन्त्रालय बाँडफाँड, पदहरूको

---

१. आधुनिक निश्चयात्मकवादी जोन अस्टिन यस मान्यताको वकालत गर्दछन् । उनका विचारमा सामाजिक तथा नैतिक विषयवस्तु वा मूल्य मान्यताको कानूनको वैधानिकतामा कुनै सरोकार छैन । बेलायती कानूनविद् एच एल ए हार्ट अस्टिनको यस मान्यताको आलोचना गर्दछन् । उनका विचारमा कानूनले आकार सामाजिक मूल्य मान्यताकै रूपमा ग्रहण गर्दछ । केवल मान्यताको लागि मात्र त्यसलाई राज्यको वैधानिक शक्तिको आवश्यकता पर्दछ । हार्ट सत्यताको नजिक पुगेका छन्, तर उनले पनि कानूनलाई राज्यकै निगाहमा बाँधेका छन् । विस्तृत छलफलका लागि हेर्नुहोस्, 'कन्सेप्ट अफ ल' ।

२. हेर्नुहोस् सामी अडेलमेन र फेन फोस्टर "क्रिटिकल लिगल थिओरी: दि पावर अफ ल" (*http://www.mcmail.com/1-7.htm#legal*) ।

बाँडफाँड र संविधानसभामा प्रतिनिधित्व गर्ने सदस्यहरूको मनोनयन सबै राजनीतिलाई बैधानिकता प्रदान गर्ने उद्देश्यहरूबाट प्रशासित गए ।

औपचारिकतावादले के विश्वास गर्दछ भने राज्यको शक्ति नै सबैभन्दा अहम विषय हो । अर्थात, यसलाई हातमा लिएरमात्रै सबै आर्थिक सामाजिक समस्याहरू हल गर्न सकिन्छ । तसर्थ, राज्यको शक्ति एकलौटी रूपमा हात पार्नु नै राजनीतिको लक्ष्य हो । यो २०६३ सालको आन्दोलनपछाडि देखिएको नेपाली राजनीतिको एउटा विशेषता हो । यस राजनीतिक चरित्रले कानूनलाई राज्यको शक्ति प्रदान गर्ने र प्रयोग गर्ने वैधानिक संयन्त्रमात्र मान्दछ । यस मान्यताले, 'कानून समाजका आर्थिक सामाजिक समस्याहरूलाई सम्बोधन गर्दै समतामूलक सम्पन्न समाजको निर्माण गर्ने 'संयन्त्र एवम् पद्धति' हो' भन्ने विश्वास राख्दैन । नेपालको अब बन्ने संविधान यही परम्परावादी रुढीवादी संविधानवादको धरापमा फसेको आभाष भइरहेको छ । बीसौं शताब्दीमा बनेका अनेकौं संविधानहरू यही धरापमा परेर प्रभावहीन भएका थुप्रै उदाहरणहरू छन् । औपचारिकतावादले जनताका सारभूत न्यायको अवसरलाई समाप्त पार्दछ ।

**संविधानसभा र संविधानप्रतिका अपेक्षाहरू**

बेलायती संविधानवादका परम्परावादी आदर्शहरूबाट नेपाली राजनीतिक सम्भ्रान्त वर्ग अत्यन्त प्रभावित रहेको छ । उसले परम्परावादी बेलायती उदारपन्थी लोकतन्त्रलाई लक्ष्य वा गन्तव्य बनाएको छ । नेपाली जनता लोकतन्त्रका पक्षमा छन् र लोकतन्त्र उनीहरूलाई जीवन विकास र प्रगतिका लागि चाहिएको छ । नेपालका राजनीतिककर्ताहरू यस वास्तविकताबाट धेरै टाढा छन् । उनीहरू जनताका आधारभूत समस्याहरूको समाधानका लागि आवश्यक प्रगतिशील एवम् असल शासनका लागि होइन, राजनीतिक वैधानिकताका लागि संविधान निर्माण गर्न चाहन्छन् । तर, जनताका चाहना फरक छन् । आमजनताका चाहनालाई सारभूतरूपमा धारणबाटै सम्बोधन गर्ने हो भने, निम्न निष्कर्ष निकाल्न सकिन्छ-

(क) नेपाली समाज भ्रष्टाचार, जवाफविहीनता, दण्डमुक्ति एवम् अराजकताको शिकार बनेको छ । आर्थिक सामाजिक विकास यी समस्याको प्रभावकारी निराकरणबिना सम्भव छैन् । तसर्थ, प्रगतिशील एवम् असल शासनको संरचना निर्माण गर्नु नेपालको पहिलो आवश्यकता हो । संविधानको पहिलो लक्ष्य त्यस अर्थमा प्रगतिशील एवम् असल शासन हो ।

(ख) लोकतन्त्र प्रगतिशील एवम् असल शासनको साधन हो । लोकतन्त्रले जनताको सहभागिता र नियन्त्रणको अवस्था सिर्जना गर्दछ ।

(ग) लोकतन्त्र सम्भ्रान्तहरूको राजनीतिक मञ्च होइन । त्यसैले यसमा सबै जनताको सहभागिता आवश्यक छ । लोकतन्त्र त्यस अर्थमा पूर्ण समावेशी चरित्रको हुनु पर्दछ ।

(घ) लोकतन्त्रलाई समावेशी बनाउने दुईवटा आधारभूत संयन्त्रहरू छन्- (१) संघीयता (२) समानुपातिकता ।

(ङ) संघीयता र समानुपातिकताको कार्यदिशात्मक लक्ष्य सहअस्तित्वको निर्माण गर्नु हो । सहअस्तित्वको सिद्धान्तले मात्र राष्ट्रिय एकता र आर्थिक सामाजिक उन्नतिको आधार तयार पार्दछ ।

(च) सहअस्तित्व संविधानवादका चारवटा सिद्धान्तमा अडिएको हुन्छ- (१) आर्थिक सामाजिक न्यायका लागि समतामूलक राज्यप्रणाली, (२) व्यक्तिका धार्मिक एवम् सांस्कृतिक पहिचानका अधिकारलाई सुनिश्चित गर्दै राज्यला धार्मिक र सांस्कृतिक निरपेक्षताको सुनिश्चितता, (३) प्रशासकी अधिकार स्थानीय तहमा प्रक्षेपण र (४) समाजमा सबै क्षेत्रम बहुलताको प्रत्याभूति ।

तर,संविधान निर्माणको बाटो यसरी क्रमिकताक आधारमा अगाडि बढिरहेको छैन । प्रगतिशील एवम् अस शासनलाई संविधानको लक्ष्य बनाइएको छैन । संविधानक लक्ष्य नै संघीयता र समानुपातिकतालाई बनाइएको छ । अर्थात संघीयता साधनमात्र हो साध्य होइन भन्ने कुरालाई छोडे संघीयतालाई साध्य बनाइयो । समतामूलक समाजका लागि महिला, दलित, जनजाति एवम् सीमान्तकृत जनताक समानुपातिकता र समावेशीताको आवश्यकता हुन्छ भन सिद्धान्तलाई होइन, उनीहरूको पृथक पहिचान समतामूल समाज हो भन्ने सिद्धान्त संविधानवाद बन्दै गइरहेको अनुभूि हुन थालेको अवस्था छ । समानुपातिकता र संघीयताका लागि आन्दोलनहरू आवश्यक भए तापनि ती आन्दोलनले बोकेक सिद्धान्तको अस्पष्टताले संविधानको मर्म ओझेलमा पारेक अनुभूति गर्न सकिन्छ ।

**वैधानिकता र संवैधानिकताका बीचको अस्पष्टता**

संवैधानिकता संविधानवादको मर्म हो । संवैधानिकताक पक्षपोषण गर्ने विज्ञान संविधानवाद हो ।[3] तर नेपालमा कतिप कानूनविद् र अत्यन्त धेरै राजनीतिककर्मीले संविधानवादक यस सिद्धान्तका विपरीत वैधानिकता र संवैधानिकता (Legality/Constitutionality) का बीचमा भेद देख्न सकिरहेक छैनन् । वैधानिकता र संवैधानिकताबीचको यस भेदमा 'पद्धति र सारतत्त्व' बीचको भिन्नता लुकेको हुन्छ । संवैधानिकताले शासनको गुणको सार बोकेको हुन्छ, तर वैधानिकताले केवल प्रक्रियाको सम्पादन । २०६३ सालको महान आन्दोलनपछाडि नेपालले यही भिन्नतालाई भित्रबाट आत्मसात् गर्न नसक्दा ठूलठूला भूलहरू भएका छन्, जसले अब संविधानसभाले बनाउने संविधानका बारेमा थुप्रै शंकाहरू मात्रै जन्माएको छैन, स्वयम् राष्ट्रको अस्तित्वप्रति पनि जनतालाई चिन्तित बनाएको छ । ती भूलहरूलाई निम्नरूपमा उल्लेख गर्न सकिन्छ:-

(क) वृहत शान्ति सम्झौता आवश्यक थियो । नेकपा माओवादी र तत्कालीन सातदलीय सरकारका बीचमा यो सम्पन्न भयो । वैधानिकताका दृष्टिकोणले त यो सम्झौता सम्पन्न भयो । तर, त्यसको संवैधानिकता केमा निहीत रह्यो ? त्यो सम्झौताका बारेमा जनताले न त आफ्नो मत जाहेर गर्न पाए न त छलफल नै । अर्थात, सरकार नै 'सार्वभौम' जनता हो र राज्यको प्रतिनिधित्व सरकारले एक्लै गर्न सक्दछ भन्ने दृष्टिकोण हावी भयो । यसले सेना समायोजनदेखि निर्वाचन प्रणालीसमेत तय गर्‍यो । तर, ती महत्त्वपूर्ण विषयमा जनताको अभिमत कहीं प्रकट हुन दिइएन । यो औपचारिकतावादको पराकाष्ठा युक्त प्रयोग हो ।

३. हेर्नुहोस् आर.डब्लु जेम्स र आई.फ्रोसर, *'लिगल इस्युज इन ए डिभलपि सोसाईटी'* फ्याकल्टी अफ ल, पपुवा न्यू गीनी, १९९२ ।

(ख) अन्तरिम संविधान बन्यो । त्यसको गठन वार्ता टोलीबाट भयो । वैधानिक त भयो होला । आवश्यकताको सिद्धान्तले त्यसको वैधानिकताको पुष्टि गऱ्यो होला । तर, त्यो संविधान निर्माणको संवैधानिकता केले निर्धारण गऱ्यो ? यो केवल प्रश्नमै सीमित रह्यो ।

(ग) समानुपातिकताको हदका विषयमा भएका सम्झौता, संघीयताका बारेमा भएका सम्झौता, विभिन्न आन्दोलनकारीसँग भएका सम्झौता इत्यादि । तिनीहरूको संवैधानिकता केमा निहीत रहेको होला ?

संविधानवादले राष्ट्रले लागू गरेको वैधानिक प्रणालीको आधारभूत सारतत्त्व निर्धारण गर्दछ । अर्थात, संविधानवादले राज्यको वैधानिक प्रणालीको अभिव्यक्ति दिन्छ । तर, प्रश्न छ त्यो के हो भने हाम्रो संविधानवाद के हो ? हामीले अब भावी संविधानले परिलक्षित गर्ने लक्ष्यहरू के निर्धारण गरेका छौं ? संविधानसभा निःशर्त हुन सक्दैन । संविधानसभाले राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहअस्तित्वका विरुद्धमा संविधानको निर्माण गर्न सक्दैन । त्यस अर्थमा हामीले संविधानसभालाई तोकिदिएका परिसीमाहरू के हुन् ? यी अत्यन्त महत्त्वपूर्ण विषयहरूमा त बहस नै भएको छैन । अब १८ महिनामा संविधानको निर्माण हुनु पर्ने अवस्था छ । तर, संविधानसभाले राष्ट्रको बौद्धिकताको प्रयोग गर्ने कुनै योजना बनाएको छैन ।

**संविधानको भूमिकाका बारेमा विचार विमर्श**

नेपाल जस्तो विगतमा लामो समयसम्म निरंकुश सामन्ति शासनमा पिँधिएको, साथसाथै औपनिवेशिक शक्तिको घेराबन्दीभित्र रहेको देशमा लोकतन्त्रको प्रबर्द्धन सजिलो छैन । अनि अर्कातिर संविधान निर्माणको कार्य आफैंमा सजिलो पनि छैन । यस्ता आर्थिक सामाजिक रूपमा पिछडिएका देशहरूका संविधानका भारी दायित्वहरू हुन्छन् । जनता त्यस संविधानले सबै समाधान दिन सकोस् भन्ने चाहन्छन् । त्यसमा पनि राज्यको संरचनालाई आमूल परिवर्तन गर्नु पर्ने, नयाँ निकायहरूको निर्माण गर्नु पर्ने, शक्ति विभाजनको नयाँ ढाँचा तर्जुमा गर्नु पर्ने र वैचारिक राजनीतिक ध्रुवीकरणको समायोजन गरी राष्ट्रिय सहमति निर्माण गर्नु पर्ने हाँकहरूको सामना यस राष्ट्रले व्यहोर्नु पर्दछ । अर्कातिर कानूनी शासनलाई संस्थागत गर्नु पनि कम चुनौतीपूर्ण हुँदैन । साथसाथै नयाँ उदय भएका राजनीतिक शक्तिको उल्लास र कानूनको मर्यादा नराख्ने आदतले कानूनी शासनको खिल्ली नै उडाउँछन् । यी सबै समस्याहरूको समाधान संविधानले कसरी दिन सक्ला ?

हाम्रा जस्ता धेरै देश जसले यस्तै समस्याहरू भोगेका थिए उनीहरूका उदाहरण हेर्ने हो भने संविधान निर्माण गर्न सजिलो थिएन र हामीले पनि के बुझ्नु पर्दछ भने संविधान बनाउन सजिलो छैन । सन् १९७०-९० का बीचमा प्यासिफीक आइलैण्डमा अवस्थित राज्यहरू हाम्रो जस्तो संक्रमणबाट गुज्रिरहेका थिए । त्यहाँ रहेका स-साना राज्यहरूले नयाँ संविधान निर्माण गरे र ती संविधानले लोकतन्त्रको संस्थापन सहजरूपमा गर्ने छन् भन्ने विश्वास पनि उनीहरूले गरेका थिए । तर, भानुआतु, फिजी र पपुवा न्युगीनी- तीनवटा देशमा सोचेभन्दा अलग अवस्था देखियो । त्यहाँका संविधान असफल भए ।[४] अर्थात, संविधान निर्माण गर्दा र संविधान मिर्माण गरिसकेपछि दुवै अवस्थामा राजनीतिक दल र अन्य राजनीतिक संस्थाहरूले संविधानलाई आफ्ना निहीत स्वार्थ, राजनीतिक विचारधारा र राजनीतिक चाहनालाई वैधानिकता प्रदान गर्ने साधन वा माध्यममात्र बनाउन खोजे । के नेपालको अवस्था अहिले त्यो भन्दा फरक छ ?

संविधानवादको मर्म राज्यको शक्ति प्रयोगमा स्वच्छाचारीतालाई अवलम्बन गर्न रोक्नु पर्ने दर्शनमा निहीत रहेको छ । त्यसैले संविधानवादले प्राविधिक वैधानिकताका प्रश्नलाई संवैधानिकताको अवस्थाबाट अलग्याएर हेर्नु पर्ने निर्देश गर्दछ । वैधानिकताको प्रयोग त निरंकुश शासनलाई मान्यता दिने प्रयोजनका लागि पनि गर्न सकिन्छ । वर्तमान नेपाली राजनीतिक दलका युवा संस्थाहरूलाई हेरौं । कुन संवैधानिक मान्यताले युवा समूहको गठन गरी हतियारको प्रशिक्षण र समूहमा राख्न मिल्दछ ? ती संस्थाहरू हातहतियार लिएर एक अर्कामा आक्रमण गरिरहेका छन् । तर, पनि तिनीहरूलाई वैधानिक मानिएको छ । संवैधानिकताको परिप्रेक्ष्यबाट हेर्ने हो भने यस्ता समूह व्यक्तिका स्वतन्त्रताप्रति प्रत्यक्षतः बाधक छन् । सी.जे. फ्रेडरिकले 'लिमिटेड गभर्मेन्टः अ कम्पेटिजन' भन्ने पुस्तमा लेखेका छन् ।[५]

'To we, constitutionalism in its formal serose means the principle that the exercise of political power shall be bounded by rules, rules which determine the validity of legislative and executive action by prescribing the procedure according to which it must be performed or by delimiting its permissible extent.'

ठीक यस मान्यताको विपरीत नेपालमा अहिले राजनीतिक दलहरू आफ्ना एजेण्डाहरूलाई सरकारीकरण गर्ने होडबाजीमा लागेका छन् । नेपाली सेनाको प्रकृति संरचना र यसका अधिकार अब बन्ने संविधानले निर्धारण गर्ने विषय हो । तर, संविधान बन्नुभन्दा धेरै पहिला यसको संरचनाको निर्धारण हुन लागिरहेको छ । यस प्रक्रियामा जनताको अनुमोदन हुनु पर्दछ वा पर्दैन ? यदि जनताको अनुमोदन चाहिने हो भने संविधानसभाले यस विषयमा कसरी अनुगमन गर्दछ वा कसरी यस विषयलाई आफ्नो नियन्त्रणमा राख्दछ ?

**निष्कर्ष**

रूपान्तरण प्रगतिशील प्रक्रिया हो । यसले न्यायको प्रवर्द्धन गर्दछ । किनभने रूपान्तरणले परम्परावादी दृष्टिकोण एवम् व्यवहारलाई बदल्दछ । तर, रूपान्तरणका हरेक एजेण्डा संवैधानिकतावादको मर्म विपरीत जान सक्दैनन् । अर्थात, रूपान्तरणको उद्देश्य लोकतन्त्र हो निरंकुशता होइन । तर, संविधानसभाले यस दार्शनिक पक्षलाई आत्मसात् गर्नुभन्दा संविधान निर्माणलाई प्राविधिक प्रक्रियामा सीमित पार्न सक्ने खतरा विद्यमान छ ।

◆

४. विस्तृत छलफलका लागि हेर्नुहोस्, जी फ्राई *'सक्सेसन अफ गर्भमेन्ट इन द पोष्ट कोलोनियल स्टेट अफ द साउथ प्यासीफीकः न्यू सर्पोट फर कन्स्टीच्युसनालिज्म'* (१९८३) १८ पोलिटिक्स, ४८-६० ।

५. १९७४ (१३-१४) केनबेरा, अष्ट्रेलियन नेशनल युनिभर्सिटी ।